जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक ७० २०८० साल असोज २३ गते मंगलबार (10 Oct. 2023 Tuesday) मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : पाँच हत्याप्रयासबाट बच्न सफल... ३ पृष्ठमा : शिक्षा विधेयकमा संशोधनका ... ३ पृष्ठमागाजापट्टीमा एक लाख २३ ...

## ऐतिहासिक परिवर्तन र उपलब्धी जोगाउने जिम्मा मधेश प्रदेश कै हो : कार्यवाहक अध्यक्ष श्रेष्ठ




**दैनिक समाचारदाता**
**काठमाडौं, २२ असोज ।**

जनता समाजवादी पार्टीका कार्यबाहक अध्यक्ष राजेन्द्र श्रेष्ठले मुलुकमा भएका ऐतिहासिक परिबर्तनको उपलब्धीलाई जोगाउने जिम्मा मधेश प्रदेश कै रहेको बताएका छन् ।

प्रेस मञ्च नेपाल सप्तरीद्वारा सोमवार राजबिराजमा आयोजित पत्रकार सम्मेलनमा कार्यबाहक अध्यक्ष श्रेष्ठले यस्तो बताउँदै संघियता, धर्मनिरपेक्षता, समावेशिता जस्ता उपलब्धीलाई सुरक्षित राख्नु पर्नेमा जोड समेत दिए ।

पूर्वमन्त्रि समेत रहेका उनले राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ती पार्टी लगायतका नयाँ राजनीतिक दलहरुबाट पनि परिर्बतनको उपलब्धी सुरक्षित हुन नसक्ने दाबीका साथ उनले क्रान्तिभुमीका रुपमा परिचित मधेशले नै उपलब्धीलाई जोगाउन सक्ने बताए ।

जनता समक्ष परिवर्तनको प्रत्याभुती पुऱ्याउनका लागी स्थायी सरकारका रुपमा रहेको कर्मचारीतन्त्रलाई पनि परिवर्तन गर्नु पर्ने उनको सुझाव छ ।

गौर घट्ना माओवादी क्रान्तिको प्रतिक्रिया स्वरुप घटेको टिप्पणी गर्दै उनले त्यसमा आफुहरुलाई दोषि करार गरे मधेशमा आन्दोलनका क्रममा सरकारसँत भएको सहमतीको समेत उल्लंघन हुने बताए ।

उनले सरकारको गठबन्धनमा रहे पनि हरेक निर्णयमा भने सहभागिता नहुने गरेको बताँउदै पछिल्लो पटक सरकारको निर्णयमा राष्ट्रपतिले गम्भीर अपराधका दोषीको सजाय माफ गर्ने विषयमा समेत आफ्नो पार्टीसँग कुनै छलफल नभएको स्पष्ट पारे ।

धर्मको नाममा द्वन्द नहोस भन्ने उद्देश्यका साथ नै देशमा धर्मनिरपेक्षता कायम भएको बताउँदै श्रेष्ठले प्रतिगामी तत्वहरुले स्वार्थका लागी चलखेल गरी जतिय र धार्मिक द्वन्द सृजना गरिरहेकाले यसलाई रोक्न सबै प्रजातान्त्रिक शक्ति मिलेर अघि बढ्नु आवश्यकता रहेको बताए ।

प्रेस मञ्चका अध्यक्ष भुषण कुमार सिंहको अध्यक्षतमा आयोजित पत्रकार सम्मेलनमा पार्टीका प्रवक्ता मनिष सुमन, प्रतिनिधीसभा सदस्य नवलकिशोर साह, राष्ट्रियसभा सदस्य मृगेन्द्र कुमार सिह यादव, मधेश प्रदेश महासचिव दिनेश कुमार यादव, राजनीतिक समिती सदस्य अमरनाथ मण्डल, जिल्ला अध्यक्ष केदार यादव लगायतको उपस्थिती रहेको थियो ।

## इजरायल आक्रमणमा परी मृत्यु भएका नेपालीको सम्मानमा राष्ट्रिय शोकको घोषणा

**दैनिक समाचारदाता**
**काठमाडौं, २२ असोज ।**

इजरायल आक्रमणमा परी मृत्यु भएका १० नेपालीको सम्मानमा सरकारले मंगलबार राष्ट्रिय शोकको घोषणा गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषदको आकस्मिक बैठकले मृतकप्रति श्रद्धान्जली अर्पण गरेको छ भने घाइतेहरुको शिघ्र स्वास्थलाभको कामना गरेको छ । बैठकपछि सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री रेखा शर्माले भनिन्, 'दिवंगत हुनु भएकाका नेपालीहरुप्रति सम्मान व्यक्त गर्न २०८० असोज २३ गते राष्ट्रिय शोक घोषणा गरी देशभरका सरकारी कार्या-लय र विदेशस्थित नेपाली नियोगहरुमा राष्ट्रिय झन्डा आधा झुकाउने निर्णय गरेको छ ।'उनका अनुसार परराष्ट्र मन्त्रालयले इजरायल सरकारसँग समन्वय गरी मृतकहरुको शव यथाशिघ्र ल्याउने तयारी छ ।

मृतकको परिवारलाई राहत स्वरुप १० लाख रुपैयाँ उपलब्ध गराउने निर्णय भएको छ। यो रकम अर्थ मन्त्रालयले गृहसँग समन्वय गरेर उपलब्ध गराउनेछ । इजरायलस्थित नेपाली दूताबासले इजरायल सरकारसँग समन्वय र सहयोगमा वेपत्ता नेपालीको खोजीमा तीव्रता दिने र घाइतेहरुको उपचारका लागि समन्वय गर्ने पनि मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।दूताबासले स्वदेश फर्किन चाहने नेपालीहरुको विवरण अनलाइनमाध्यमबाट संकलन गरेर परराष्ट्र मन्त्रालयमा पठाउन भनेको छ । यसरी नेपाल फर्किन चाहे नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सको विमान चार्टर गरी यथाशिघ्र नेपाल ल्याउने निर्णय पनि भएको सञ्चारमन्त्री शर्माले जानकारी दिएकी छन् ।

## इजरायलको हमास नियन्त्रित क्षेत्रबाट ३२ नेपाली विद्यार्थीको उद्धार

**दैनिक समाचारदाता**
**काठमाडौं, २२ असोज ।**

हमासको नियन्त्रणमा रहेको इजरायलको दक्षिणी क्षेत्र सेदोत नेगेभबाट ३२ जना नेपालीलाई उद्धार गरी सुरक्षित स्थानतर्फ लगिएको छ । इजरायली सेनाले स्कर्टिङ गरेर उनीहरुलाई सुरक्षित स्थानतर्फ लगेको हो ।

इजरायलको हमास नियन्त्रित क्षेत्रबाट ३२ नेपाली बिद्यार्थीको उद्धार गरेर लगिएका बर्दियाका लुइस रिजालका अनुसार उनीहरुलाई तेल अभिभतर्फ लगिएको छ । उनीहरु सुदूरपश्चिम विश्वविद्यालयबाट लर्न एण्ड अर्न कार्यक्रममा गएका हुन् । उनीहरुकै समूहका १० को आक्रमणमा मृत्यु भएको थियो । यो टोलीमा ४९ जना थिए । 'बंकरबाट निकालेर हामी सबैलाई सुरक्षित स्थानतर्फ लगेको छ' रिजालले कान्तिपुरसँग भने,'अलग अलग क्याम्पबाट उद्धार गरिएको हो । अब सुरक्षित स्थानतर्फ लागेकाले ढुक्क हुने अवस्था रहेको उनले बताए ।

उद्धार गरिएका अर्का एक विद्यार्थी नितिन भण्डारीका अनुसार १३ जनालाई बेतकाम क्षेत्रमा ल्याएर राखिएको छ । 'अहिले हामी

*बाँकी दुई पृष्ठमा*

## इजरायलमा ज्यान गुमाएका नेपालीका परिवारलाई १० लाख सहयोग

काठमाडौं, २२ असोज (रासस) ।

सरकारले इजरायलमा आतङ्कवादी हमलामा परी ज्यान गुमाएका नेपाली नागरिकका परिवारलाई सहयोगस्वरुप प्रतिपरिवार रु १० लाख उपलब्ध गराउने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को आजको आकस्मिक बैठकले उक्त निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो । बैठकले स्वदेश फर्कन चाहनेहरुलाई नेपाल वायु सेवा निगम र हिमालयन एयरलाइन्सको विमान चार्टर गरी स्वदेश ल्याउने व्यवस्था गर्ने निर्णय गरेको छ ।

बैठकले यही असोज २० गते दक्षिण इजरायलको किबुच अलुमिया भन्ने स्थानमा प्यालेस्टाइनको अतिवादी समूह हमासले गरेको आक्रमणमा परी १० जना नेपालीको दुःखद निधन भएकामा मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेको छ । साथै बैठकले घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

बैठकले उक्त अकल्पनीय घटनामा दिवङ्गत नेपालीहरुप्रति सम्मान व्यक्त गर्दै यही असोज २३ गते मङ्गलबार राष्ट्रिय शोक घोषणा गर्दै देशभरका सरकारी

*बाँकी दुई पृष्ठमा*

## सुदूरपश्चिम सरकारले मृत्यु भएका विद्यार्थीका परिवारलाई जनही दुई लाख दिने

कैलाली, २२ असोज (रासस) ।

सुदूरपश्चिम प्रदेश सरकारले इजरायलमा जारी हिंसात्मक आक्रमणमा परी मृत्यु भएका सुदुरपश्चिम प्रदेशका विद्यार्थीका परिवारलाई जनही रु दुई लाख दिने घोषणा गरेको छ । सोमबार मुख्यमन्त्री कमलबहादुर शाहले विज्ञप्ति जारी गर्दै मृतकका परिवारलाई प्रदेश सरकारले सहयोग गर्ने घोषणा गर्नुभएको हो ।

मुख्यमन्त्री शाहले शोक

*बाँकी दुई पृष्ठमा*

बालअधिकारप्रति संवेदनशील बनौं।

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं।

बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पाँच हत्याप्रयासबाट बच्न सफल भएका थिए, इजरायल आक्रमणका ‘मास्टर माइन्ड’ देइफ



फाटा :बजिरहेको आवाज शान्त र सटीक थियो । तर, त्यसले डरलाग्दो सन्देश दिइरहेको थियो ।

‘हाम्रा मानिसहरुमाथिको निरन्तरको अपराध, हाम्रो भूमिमा कब्जा गरेर चलाइएको ताण्डव र अन्तर्राष्ट्रिय कानुन तथा संकल्पको उल्लंघन र अमेरिका अनि पश्चिमाहरुको समर्थनलाई मध्यनजर गर्दै हामीले यी सबैलाई अन्त्य गर्ने निर्णय गरेका छौं,’ छायाँमा छेलिएका बक्ताले भने, ‘ताकि दुश्मनले बुझोस्, बिनाकुनै जवाफदेही उसले मोजमस्ती गर्न पाउँदैन ।’

यो आवाज शनिबार इजरायलमाथि आक्रमण सुरु भएको केही घण्टाभित्र सार्बजनिक भएको थियो । र, त्यो आवाज प्यालेस्टाइनी सशस्त्र समूह हमासका सैन्य बिभाग प्रमुख मोहम्मद देइफको भएको बताइएको छ । जो इजरायलभित्र हमासको घुसपैठ र आक्रमणका ‘मास्टरमाइन्ड’ हुन् ।

शनिबार सबेरै भएको सो आक्रमणमा परी इजरायलमा सात सयभन्दा बढी मानिस मारिएका छन् भने दुई हजारभन्दा बढी घाइते भएका छन्बस् । यससँगै इजरायलबिरुद्ध देइफको दुई दशक लामो अभियानले एउटा क्रुर र अप्रत्याशित मोड लिएको छ ।

देइफको सन्देश प्रसारण भइरहँदा पनि हमासका सयौं लडाकु गाजापट्टी र इजरायली भूमिको बीचमा लगाइएको बार तोडेर हजारौं रकेटहरुको आडमा दक्षिणी इजरायलतर्फ दौडिरहेका थिए ।

केही घण्टाभित्रै हमासले इजरायलमाथि अभूतपूर्व आक्रमण गऱ्यो र करिब एक सय जनलाई बन्दी बनाएर गाजाभित्र ल्यायो । हमासको सामाजिक सञ्जालहरुले तत्काल भिडिओहरु सार्बजनिक गरे, जसमा हमासका लडाकुहरु प्याराग्लाइड गरेर इजरायल प्रवेश गरेको, मृत इजरायली सैनिक र डराएका सर्वसाधारण देखाइएको थियो ।

देइफको अर्थ हुन्छ, ‘पाहुना’ । इजरायलको जासुसी संयन्त्रको आँखा छल्न उनी हरेक रात अलगअलग सहयोगीको घरमा बस्ने हुनाले उनको यस्तो उपनाम रहन गएको हो । यो आक्रमण देइफका लागि अहिलेसम्मकै दुस्साहसयुक्त र घातक थियो ।

इजरायलले दशकौंदेखि उनको पिछा गरिरहेको छ । २० बर्षअघि उनी लगभग मारिएका थिए । त्यसबेला उनको एउटा हात, एउटा खुट्टा र एउटा आँखा समेत गुमेको बताइन्छ । ह्विलचेयरमा बसेर पनि इजरायलको सेनालाई छक्याउन सक्ने उनको खुबी र सैनिक तथा गैरसैनिकलाई समान रुपमा मार्ने तरिकाका कारण प्यालेस्टाइनी लडाकुहरुमाझ उनी पूज्य छन् ।

इजरायली सेना यो आक्रमणको सुइँको पाउन असफल भएका कारण देइफ आफूलाई प्यालेस्टाइनी नेतृत्वको सबैभन्दा उच्च ओहोदामा उभ्याउन सफल भएका छन् । अलि नरम गुट मानिने र पश्चिमले सहानुभूति दर्शाउने फतहका प्रतिस्पर्धी र हमासकै समकक्षीहरुलाई पनि उनले पछि पारेका छन् । हमासलाई अमेरिका, ईयू र इजरायलले आतंकवादी समूह मान्छ ।

‘यसअघि पनि देइफ हमास र प्यालेस्टाइनीहरुमाझ अति सम्मानित पात्र थिए,’ अल अजहर युनिभर्सिटी गाजाका मखैमर अबुसादा भन्छन्, ‘उनको अहिलेसम्मकै ठूलो कारबाहीपछि त युवाहरुमाझ उनले आफूलाई भगवानजस्तो बनाएका छन् ।’

हमासका लागि सबैभन्दा महत्वपूर्ण पक्ष भनेको त्यत्रो संख्यामा इजरायलीहरुलाई बन्धक बनाएर गाजामा ल्याउनु हो । हमासले २०११ मा कब्जा गरेका एक सैनिक गिलाड सालितलाई छुटाउन इजरायलले पाँच बर्षपछि एक हजार प्यालेस्टाइनी कैदीलाई छाड्नुपरेको थियो ।

‘हमासले राम्ररी बुझेको छ, इजरायली कैदीलाई राख्ने मामिलामा धैर्य अत्यावश्यक छ,’ सालितको रिहाइमा सहयोग गरेका सो क्षेत्रका एक कूटनीतिज्ञ भन्छन्, ‘समय बित्दै जाँदा इजरायली जनताले दबाब दिनेछन् । हमासले पर्खिए पुग्छ ।’

प्यालेस्टाइनी लडाकु बनेर भूमिगत हुनुअघि देइफलाई चिनेकाहरुले उनलाई शान्त, प्रखर व्यक्तिका रुपमा चर्चा गर्छन् । प्यालेस्टाइनका बिभिन्न गुटबीचको प्रतिद्वन्द्वितामा उनको कुनै रुचि थिएन । बरु उनको ध्येय एउटै थियो- इजरायल-अरब द्वन्द्वको प्रकृति नै परिवर्तन गर्ने र त्यसको माध्यमका रुपमा हिंसाको प्रयोग गर्ने ।

‘तपाईं इजरायलीसँग इजरायलभित्रै लड्नुपर्छ र अर्काको भूमि कब्जा गरेर सुरक्षित हुन सकिन्छ भन्ने तिनको सपनालाई ध्वस्त पार्नुपर्छ,’ लडाकुपछि मध्यम तहको नेता बनेका र सन् २००० को दशकको सुरुमा देइफलाई भेटेका एक प्यालेस्टाइनीले भने ।

इजरायली सेनाको प्राविधिक उपलब्धिसँगै देइफको क्षमता पनि निरन्तर बिकास हुँदै गएको उनीहरु बताउँछन् । जुन क्षमता हमास र इजरायलबीच २०२१ मा भएको ११ दिने भयानक युद्धमा प्रदर्शित भएको थियो । हमासले इजरायलको हवाई प्रतिरक्षा प्रणालीमाथि हावी हुने प्रयासमा सस्ता रकेटहरु ठूलो संख्यामा प्रहार गऱ्यो । जसका कारण युद्धविराम हुनुअघि इजरायलको प्रतिरक्षा प्रणालीका क्षेप्यास्त्रहरु झण्डै सकिएका थिए ।

हमासका अरु नेताझैं देइफ पनि १९९० को दशकमा भएको ओस्लो सम्झौतालाई धोका भन्छन् । उनको नजरमा त्यसको उदेश्य प्यालेस्टाइनी राज्यलाई इजरायलले विस्थापित गर्नु थियो ।

‘देइफले दोस्रो इजरायल स्वतन्त्रताको युद्ध सुरु गर्ने कोसिस गरेको थियो,’ इजरायली सेनाको जगेडा फौजका कर्णेल एयाल रोजेन भन्छन्, ‘मुख्य उदेश्य इजरायल ध्वस्त पार्नु हो। यो त सुरुवात मात्र हो ।’

देइफ कुनै समय बम बनाउने काम गर्थे । गाजामा जमिनमुनि सुरुङहरुको सञ्जाल खन्ने एक दशक लामो कार्यक्रमका रचयिता पनि उनै हुन् । उनको जन्म १९६० को दशकमा खान युनिस शरणार्थी शिबिरमा मोहम्मद दियाब इब्राहिम अल मसिरीका रुपमा भएको थियो ।

त्यतिबेला गाजा इजिप्टको नियन्त्रणमा थियो । र, सिन बेट गुप्तचर सेबामा उनको फाइल पढेका इजरायली अधिकारीहरुका अनुसार देइफका बुबा वा काका १९५० मा दक्षिणी इजरायलमा बेलाबखत हुने हमलाहरुमा भाग लिने गर्थे, जहाँ देइफका लडाकुले शनिबार आक्रमण गरे ।

उनको बारेमा यति कम जानकारी छ कि उनको नाम समेत रहस्यमा छ । १९८० को दशकमा उनलाई चिन्नेहरुले समेत केहीले त्यतिबेला पनि उनलाई देइफ नामले चिनेको बताउँछन् । अरु भने उनलाई जन्मको नामले चिन्ने गर्थे । उनको एउटा मात्र फोटो सार्वजनिक अस्तित्वमा छ, त्यो पनि धमिलो ।

इस्लामिक युनिभर्सिटी अफ गाजामा हुँदा उनी एक कलाकार समूहमा थिए, जहाँ उनको अभिनय क्षमता निखारियो । इजरायली कब्जाको बिरुद्ध जन्मिएको पहिलो बिद्रोहबाट १९८० को दशकमा हमास जन्मिँदा उनी २० कटिसकेका थिए ।

त्यही बेलातिर हमासका बर्तमान पोलिट्ब्युरो सदस्य गाजी हमादले जेलको एउटै कोठामा देइफसँग समय बिताएका थिए । ‘सुरुदेखि नै उनले सैन्य क्षेत्रमा ध्यान केन्द्रित गरेका थिए,’ उनले सम्झिए, ‘उनी निकै दयालु थिए ।’

तर, उनमा कुनै दयाको चिह्न थियो भने पनि त्यो चाँडै गायब भयो । हमासले आत्मघाती बम आक्रमण सुरु गऱ्यो । इजरायलले १९९६ मा ५० भन्दा धेरैको ज्यान जानेगरी भएको आक्रमणसहित दर्जनौं आत्मघाती बम बिस्फोटका लागि देइफलाई जिम्मेवार ठहर्यायो ।

देइफले ‘इन्जिनियर’ भनेर चिनिने याया अय्यासनामक बम निर्मातासँग बम बनाउन सिकेको बताइन्छ । इजरायलले बम राखिएको मोबाइल फोनको प्रयोग गरेर इन्जिनियरको हत्या गरेको थियो ।

देइफ हमासको सैन्य शाखा कसम ब्रिगेडमा बढुवा हुँदै गए । हमासले बनाएको पहिलो रकेट बनाउन पनि उनी संलग्न थिए । आज हमाससँग दसौं हजार रकेट छन् । शनिबार मात्र उनीहरुले ३५ सय रकेट प्रहार गरे । उनले नयाँ बस्ती बसाउने सेटलर, सैनिक, बसजस्ता धेरै प्रभाव पार्ने ठाउँलाई निसान लगाएको इजरायली अधिकारीहरु बताउँछन् ।

सन् २००० को दशकमा चार हत्याप्रयासबाट उनी बच्न सफल भए । २००६ मा उनको घरमा इजरायली सेनाले हवाई आक्रमण गर्दा उनी गम्भीर घाइते भएको एक पूर्व सैन्य गुप्तचर प्रमुखले बताएका थिए ।

‘मानिसहरुले सोचेका थिए, उनले नेताका रुपमा, सैन्य योजनाकारको रुपमा फेरि काम गर्न सक्ने छैनन्,’ ती जर्नेलले भनेका थिए, ‘तर, उनी ठिक भए ।’ कतिपयले उनलाई ‘नौ जुनी पाएको बिरालो’ पनि भन्ने गर्छन् ।

इजरायलले उनको पाँचौं हत्याप्रयास २०१४ मा गरेको थियो । इजरायलले गाजामा उनको घरमा आक्रमण गरेको थियो । जसमा उनकी पत्नी बिदाद र शिशु अवस्थाका छोरा अलीको मृत्यु भएको थियो । देइफ पनि मारिएको इजरायलको आकलन थियो। तर, त्यतिबेला उनी घरमा थिएनन् ।

हमासको पुरानो शैलीको गुप्तचरी, गाजाको सुरुङ सञ्जालका कारण पनि उनको हत्या गर्न इजरायल असफल हुने गरेको कतिपयको भनाइ छ । हमासभित्र बेलाबखत इजरायलसँग गरिने सम्झौताको बिरुद्धमा उभिने गर्छन उनी । त्यसले इजरायललाई अझ बढी नाकाबन्दी गर्ने समय र स्रोत जुनाउने मौका मात्र दिने उनको ठम्याइ छ । यस्ता सम्झौताहरुले केही समय शान्ति भए पनि तिनले चार वटा युद्ध पनि निम्त्याए, २००९, २०११, २०१४ र २०२१ मा। अब भने त्यस्तो अभ्यास नहुने निश्चित भएको एक इजरायली अधिकारीले बताए । (फाइनान्सियल टाइम्स र बीबीसीबाट)

# ‘एक पालिका, एक हुलाक’ को अवधारणा कार्यान्वयन गरिनेछ : मन्त्री शर्मा

काठमाडौं, २२ असोज (रासस) ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले हुलाक सेवालाई पुन:संरचना गर्ने क्रममा चालु आर्थिक बर्षबाट नै ‘एक पालिका, एक हुलाक’ अवधारणा कार्यान्वयन गर्ने सरकारको कार्यक्रम रहेको बताउनुभएको छ ।

विश्व हुलाक सेवा दिवसका अवसरमा सोमबार डिल्लीबजारस्थित गोश्वारा हुलाक कार्यालयमा आयोजित कार्यक्रममा मन्त्री शर्माले सूचना प्रविधि र यातायातको विकास नभएको अवस्थामा जनतालाई हुलाक सेवाको पहुँच पुऱ्याउने गरी सूचना प्रविधिसँग जोड्दै सङ्घीय शासन प्रणालीबमोजिम पुन:संरचना गर्न लागिएको बताउनुभयो ।

“आवश्यक सार्वजनिक सेवाका रुपमा रहेको हुलाक सेवामुखी भावनाले सञ्चालन हुँदै आएको छ। मुलुकभर आफ्नो सेवा प्रवाह रहे पनि परम्परागतरुपमा अब हुलाक सेवा प्रभावकारी बनाउन सकिने अवस्था छैन”, मन्त्री शर्माले भन्नुभयो, “यसमा व्यापक सुधार ल्याउन सेवा प्रवाहलाई आधुनिक, भरपर्दो र प्रतिस्पर्धी बनाउने सरकारको लक्ष्य छ ।”

मन्त्री शर्माले हुलाक सेवामा प्रविधि, भौतिक पूर्वाधार र सङ्गठनात्मक पुन:संरचनामसहित कार्यरत कर्मचारीको क्षमता विकाससहित सरोकारवालाबीच समन्वय गरी हुलाक सेवाको विश्वव्यापी सञ्चालनमा नेपाललाई थप सक्रिय सदस्य राष्ट्रका रुपमा उभ्याउन राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा सहकार्य बढाउने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो ।

सो अवसरमा मन्त्रालयका सचिव कृष्णबहादुर राउतले समयसापेक्षितरुपमा हुलाक सेवालाई प्रभावकारी, विश्वसनीय र आधुनिक प्रविधियुक्त बनाउन सरकारका तर्फबाट आवश्यक सहजीकरण गरिने विश्वास व्यक्त गर्नुभयो ।

हुलाक सेवा विभागका महानिर्देशक प्रदीपराज अधिकारीले परम्परागतरुपमा हुलाक सेवा सञ्चालन हुन नसक्ने अवस्थालाई ध्यान दिइ पुन:संरचना र समयसापेक्षतामा अग्रसर हुन आफूहरु तत्पर रहेको बताउनुभयो । कार्यक्रममा हुलाक सेवामा योगदान दिने व्यक्ति र दीर्घसेवी कर्मचारीलाई सम्मान गरिएको थियो । यस बर्षको दिवसको नारा ‘विश्वासका लागि एकसाथ’ रहेको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# शिक्षा विधेयकमा संशोधनका लागि एनसिईं नेपालका सुझाव हस्तान्तरण

काठमाडौं, २२ असोज (रासस)। शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिई) नेपालले सार्वजनिक शिक्षाको गुणस्तर सुधार र रुपान्तरणका साथै संविधानको मौलिक हकको सुनिश्चितता हुने गरी विद्यालय शिक्षा विधेयक, २०८० पारित गर्न प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष तथा संसदमा प्रतिनिधित्व गरेका राजनीतिक दलका सचेतकलाई सुझावपत्र दिएको छ।

अभियानका अध्यक्ष राजेन्द्र पहाडीसहितको टोलीबाट विधेयकमा बालबालिका, युवा तथा प्रौढको शिक्षा, सिकाइ र सुरक्षाको सुनिश्चितता हुने गरी संशोधन गर्न माग गरिएको हो।

विधेयकलाई दफाबार छलफलका लागि प्रतिनिधिसभाको सम्बन्धित समितिमा पठाइएका बेला शिक्षाक्षेत्रमा कार्यरत नागरिक संस्थाहरुको उक्त सञ्जालले सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक, नेकपा (एमाले) का प्रमुख सचेतक पदम गिरी, नेकपा (माओवादी केन्द्र) का प्रमुख सचेतक हितराज पाण्डे, जनता समाजवादी पार्टीका मुख्य सचेतक प्रदीप यादवलाई बेग्लाबेग्लै भेटेर संशोधनका लागि आफ्ना तीन महले सुझावसहित सुझावपत्र बुझाएको छ।

भेटमा सभामुख घिमिरेले विधेयकलाई संविधानको मर्मअनुरुपको बनाउने प्रतिबद्धता व्यक्त गर्दै प्राप्त सुझावलाई मनन गर्ने विश्वास व्यक्त गर्नुभएको थियो। अभियानले विधेयकबारे विज्ञ र सरोकारवालासँग बृहत् छलफल गरी प्राप्त सुझावका आधारमा संशोधन सुझाव तयार गरेको जनाइएको छ।

## इजरायलमा दश जना नेपाली मारिए, एकको अवस्था अज्ञात

काठमाडौं, २२ असोज (रासस)। आतङ्कवादी समूह हमासको आक्रमणमा परी १० जना नेपाली विद्यार्थीको मृत्यु भएको छ एक जनाको अवस्था अझै अज्ञात रहेको तेलअविवस्थित नेपाली दूतावासले जनाएको छ।

दूतावासले आक्रमणमा ज्यान गुमाएकाहरुको शव व्यवस्थापनबारे इजरायल सरकारका सम्बद्ध अधिकारीहरुसँग छलफल गरिरहेको र नेपाल ल्याउने सम्बन्धमा परराष्ट्र मन्त्रालयसँग समन्वय भइरहेको बताएको छ।

हमासको आक्रमणमा परी कैलालीको घोडाघोडी-४ का नारायणप्रसाद न्यौपाने, बझाङको जयपृथ्वी-६ का गणेशकुमार नेपाली कैलालीको बौनिया-३ का आशिष चौधरी, दार्चुलाको लेखम-५ का दीपेशराज विष्ट, सोही जिल्लाको मल्लिकार्जुन-४ का लोकेन्द्रसिंह धाँमीको मृत्यु भएको दूतावासले पुष्टि गरेको छ।

त्यसैगरी धनुषाको सपही-६ का आनन्द साह, सुनसरीको मधुवन-१ का राजेशकुमार स्वर्णकार, डोटीको पाञ्चाली-३ का राजन फुलारा तथा सोही जिल्लाको लमिखाल-८ का पदम थापा, सल्यानको शारदा-३ का प्रवेश भण्डारीको मृत्यु भएको छ।

नेपाली दूतावासका अनुसार आक्रमणमा परी घाइते भएका छ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ। कञ्चनपुरको भीमदत्त नगरपालिका-३ का विपीन जोशी हराइरहेका छन्।

### *इजरायलको हमास ...*

२ वटा फार्ममा रहेका १३ जना साथीहरुलाई यहाँ ल्याएको छु उनले भने,अरु साथीहरु आउने क्रममा छन्।'

अहिले आफूहरु सुरक्षित रहेको उनले बताए। 'हामीहरु सुरक्षित छौं साथीहरुसँग बसेर कुराकानी गरिरहेका छौं उनले भने,'हामी सबैलाई भेला गरेर तेलअभिभ लैजाने तयारी छ।'

### *सुदूरपश्चिम सरकारले ...*

सन्तप्त परिवारमा समवेदना समेतव्यक्त गर्नुभएको छ। घटनाप्रति दुःख व्यक्त गर्दै मुख्यमन्त्री शाहले खोजी र उद्धार र शव फिर्ता ल्याउन दुवै देशका सरकारसँग अनुरोधसमेत गर्नुभएको छ।

इजरायलको द्वन्द्वग्रस्त क्षेत्र सेदोत नेगेभको किवुज अलुमिनमा हमासको आक्रमणमा परी सुदूरपश्चिम प्रदेशबाट अध्ययनका लागि गएका सात जना विद्यार्थीले ज्यान गुमाएको पुष्टि भइसकेको छ। उनीहरु सुदूरपश्चिम विश्वविद्यालयको कृषि सङ्कायका आठौं सेमेस्टरका विद्यार्थी भएको जनाइएको छ।

### *इजरायलमा ज्यान ...*

कार्यालय र विदेशस्थित नेपाली नियोगमा राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गरेको सञ्चारमन्त्री शर्माले बताउनुभयो।

त्यसैगरी, मन्त्रिपरिषद् बैठकले परराष्ट्र मन्त्रालयले इजरायलस्थित राजदूतावाससँग समन्वय गरी शव यथाशीघ्र नेपाल ल्याउने निर्णय गरेको छ।

इजरायलस्थित नेपाली राजदूतावासले इजरायल सरकारसँगको समन्वय र सहयोगमा बेपत्ता भएकाको खोजी गर्ने तथा घाइतेहरुको उपचारका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने निर्णय पनि बैठकले गरेको छ।

मन्त्रिपरिषद् बैठकले इजरायलस्थित नेपाली राजदूतावासले स्वदेश फर्कन चाहने नेपालीहरुको विवरण 'अनलाइन' सङ्कलन गरी तत्काल परराष्ट्र मन्त्रालयमा पठाउने व्यवस्था गर्न तथा स्वदेश फर्कन चाहनेलाई आफ्नो विवरण प्रविष्ट गराउन निर्देशन गरेको छ।

सरकारले इजरायलमा रहेका नेपालीको उद्धार र स्वदेश फिर्तीमा सहयोग गर्न स्थानीय भाषामा पोख्त व्यक्तिबाट बढीमा तीन महिना सेवा लिन स्वीकृति दिने निर्णय गरेको छ।

इजरायलस्थित नेपाली राजदूतावासले इजरायलको जोखिमयुक्त क्षेत्रबाट नेपालीहरुको सुरक्षित उद्धार, समन्वय र सहजीकरण गर्ने, नेपाल फर्कन चाहनेलाई अस्थायी 'ट्रान्जिट होम' स्थापना गरी व्यवस्थापन गर्न उक्त दूतावासलाई स्वीकृति दिने निर्णयगरिएको सञ्चारमन्त्री शर्माले जानकारी दिनुभयो।

सरकारले इजरायलमा रहेका नेपालीहरुका उद्धारका लागि आवश्यकताअनुसार इजरायल सरकार एवं छिमेकी र अन्य मित्रराष्ट्रहरुसमेतको सहयोग लिने पनि निर्णय गरेको छ।

उक्त घटनाका सम्बन्धमा मानवीय संवेदनशीलता, परिवारजनमा पर्ने मानसिक आघात र समाजमा पर्ने असर समेतलाई ध्यानमा राखी असान्दर्भिक र असंवेदनशील सामग्री सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत प्रवाह नगर्न र आ-आफ्नो क्षेत्रबाट जिम्मेवार भूमिका निर्वाह गर्न बैठकले अनुरोध गरेको छ।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

अनुरोधकर्ता

राजगढ गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी


## विश्व समाचार

### गाजापट्टीमा एक लाख २३ हजारभन्दा बढी मानिस विस्थापित : संयुक्त राष्ट्रसंघ

जेरुसेलम, २२ असोज (रासस/एएफपी)। प्यालेस्टिनी लडाकु समूह हमास र इजरायलबीच द्वन्द्व सुरु भएयता गाजा पट्टीमा एक लाख २३ हजारभन्दा बढी मानिस विस्थापित भएको संयुक्त राष्ट्रसंघले सोमबार जनाएको छ।

"गाजामा मुख्यतः डर, सुरक्षाको चिन्ता र उनीहरूको घर भत्काइएका कारण एक लाख २३ हजार ५३८ भन्दा बढी मानिस आन्तरिक रूपमा विस्थापित भएका छन्," संयुक्त राष्ट्रसंघको मानवीय निकाय ओसीएचएले भनेको छ।

ओसीएचएका अनुसार ७३ हजारभन्दा बढी व्यक्तिले विद्यालयमा आश्रय लिइरहेका छन्, जसमध्ये केहीलाई आपतकालीन आश्रयस्थल तोकिएको छ।

हमासको लडाकु समूहले इजरायलमा घातक आक्रमण गर्नुका साथै हजारौं रकेट प्रहार गरेपछि इजरायलले शनिबारदेखि गाजामा सयौं हवाई आक्रमण गरेको छ।

प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय निकाय (यूएनआरडब्लुए) का प्रवक्ता अदनान अबु हसनाले यो सङ्ख्या अझै बढ्ने अपेक्षा गरेको बताउनुभएको छ।

"यी विद्यालयमा बिजुली छ, हामी उनीहरूलाई खाना, सफा पानी, मनोवैज्ञानिक सहयोग र चिकित्सा उपचार प्रदान गर्छौं," उहाँले एएफपीसँग भन्नुभयो।

गाजामा २३ लाख प्यालेस्टिनी छन्, उनीहरूले सन् २००७ मा हमासले सत्ता सम्हालेपछि इजरायली नाकाबन्दीको सामना गरिरहेका छन्।

### कैंदी आदानप्रदान गर्न इजरायल र हमासबीच वार्ता प्रयास

गाजा, २२ असोज (रासस/एएफपी)। कतारले इस्लामिक रेजिस्टेन्स मुभमेन्ट (हमास) र इजरायलबीच युद्धका क्रममा कब्जामा लिई बन्दी बनाइएका महिलालाई आदानप्रदानका लागि मध्यस्थता गरिरहेको हमास स्रोतले आइतबार जनाएको छ।

"अमेरिकी सहयोगमा कतारले इजरायली जेलमा रहेका ३६ प्यालेस्टिनी महिला (युद्धबन्दी) को रिहाइ गरिएमा हमासद्वारा कब्जामा लिइएका सबै इजरायली महिलालाई रिहा गर्ने गरी तत्काल सम्झौता गर्न खोजिरहेको छ," नाम नबताउने शर्तमा स्रोतले सिन्ह्वालाई भन्यो।

स्रोतले इजरायलका जेलमा रहेका सबै ३६ जना प्यालेस्टिनी महिला युद्धबन्दीलाई रिहा गरेमा कैदी साटासाट गर्न सहमत हुने कतारलाई जानकारी गराएको छ।

हमासले शनिवार गाजा पट्टीसँग जोडिएको इजरायली शहरमा अचानक आक्रमण गरेपछि इजरायलले गाजामा जवाफी हमला गरेको थियो।

आक्रमणको क्रममा हमासका लडाकुले गाजा पट्टीलाई इजरायलबाट छुट्याउने सुरक्षा घेरा तोडेर आसपासका समुदायमा आक्रमण गरी महिलासहित इजरायली नागरिकको हत्या र कब्जा गरेका थिए।

गाजास्थित प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले आइतवार सार्वजनिक गरेको पछिल्लो अपडेटअनुसार गाजामा इजरायली हवाई आक्रमणमा परी मृत्यु हुनेको सङ्ख्या ४१३ पुगेको छ भने दुई हजार ३०० भन्दा बढी घाइते भएका छन्।

त्यसैगरी इजरायलको सरकारी स्वामित्वको कान टिभी समाचारले इजरायलमा मृत्यु हुनेको संख्या ७०० पुगेको जनाएको छ।

### अर्थशास्त्रतर्फको नोबेल पुरस्कार गोल्डिनलाई

स्टकहोम, २२ असोज (रासस/एपी)। महिलाको श्रम बजारका योगदानबारे गरिएको खोजका लागि अमेरिकी हार्वर्ड विश्वविद्यालयकी प्राध्यापक क्लाउडिया गोल्डिनलाई अर्थशास्त्रतर्फको नोबेल पुरस्कार प्रदान गर्ने घोषणा गरिएको छ।

स्वीडेनको स्टकहोमस्थित रोयल स्वीडिस एकेडेमी अफ साइन्सेजका महासचिव हान्स एलेग्रेनका अनुसार सोमबार घोषणा गरिएको पुरस्कार विजेता गोल्डिन अर्थशास्त्रतर्फको विधामा पुरस्कृत तेस्रो महिला हुनुहुन्छ।

अर्थशास्त्रतर्फको नोबेल पुरस्कार लागि गठित समितिका अध्यक्ष ज्याकोब स्वेन्सनले भन्नुभयो, "श्रम बजारमा महिलाको भूमिकालाई बुझ्नु समाजका लागि महत्वपूर्ण छ। क्लाउडिया गोल्डिनको आधारभूत अनुसन्धानबाट हामी अब अन्तर्निहित कारकहरूको बारेमा धेरै बुझ्न सक्नेछौं। यसले भविष्यमा हुने महिला श्रम कठिनाईलाई सम्बोधन गर्न आवश्यक सहयोग पुग्नेछ।"

पुरस्कार प्राप्त गरेपछि ७७ वर्षीय गोल्डिनको प्रतिक्रियाबारे एलेग्रेनले भन्नुभयो, "उहाँ पुरस्कार प्राप्त गर्दा आश्चर्यचकित र अत्यधिक खुशी हुनुभएको छ।"

"क्लाउडिया गोल्डेनको खोजले महिला श्रम बजारमा व्यापक सामाजिक प्रभाव पार्छ," पुरस्कार समितिका सदस्य र्‍यान्डी हजलमार्सनले भन्नुभयो, "अन्ततः समस्यालाई बुझेर र यसलाई सही नामले पुकारेर, हामी अझ राम्रो तरिकाले अगाडि बढ्न सक्षम हुनेछौं।"

यसअघि चिकित्सा, भौतिकशास्त्र, रसायनशास्त्र, साहित्य र शान्ति विधाका लागि पुरस्कारहरू गत साता घोषणा गरिसकिएको छ।

सन् १९६८ मा स्वीडेनको केन्द्रीय बैंकले स्थापना गरेको अर्थशास्त्र पुरस्कारलाई औपचारिक रूपमा अल्फ्रेड नोबेलको स्मृतिमा आर्थिक जगत्मा 'बैंक अफ स्वीडेन पुरस्कार'को रूपमा चिनिन्छ।

सन् २००७/०८ को वित्तीय सङ्कटमा अमेरिकाको आक्रामक प्रतिक्रियालाई आकार दिन मद्दत गर्ने बैंकको असफलताबारे अनुसन्धान गरेका कारण गत वर्ष फेडरल रिजर्भका पूर्व अध्यक्ष बेन बर्नान्के, डगलस डब्लु डायमन्ड र फिलिप डाइभिगले पुरस्कार जितेका थिए।

# जहाज पठाएर पनि इजरायलमा रहेका नागरिक ल्याउनुपर्छ : अध्यक्ष नेपाल




**दैनिक समाचारदाता**
**दाङ, २२ असोज ।**

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले इजरायलमा अलपत्र नेपाली विद्यार्थीलाई सरकारले तत्काल सुरक्षित स्थानमा सार्न पहल गर्नुपर्ने बताएका छन् ।

दाङको लमहीमा समाजवादी जागरण यात्रालाई सम्बोधन गर्ने क्रममा उनले घाइते तथा अलपत्र नेपालीलाई सरकारले नेपाली जहाज पठाएर ल्याउन पहल थाल्न आग्रह गरे । 'इजरायलको घटनाले दुःखी बनाएको छ, हामी दुःखी छौं, सरकारले छिटो त्यहाँ रहेका नेपालीलाई सुरक्षित स्थानमा सार्न पहल गरोस्,' नेपालले भने, 'नेपाली जहाज पठाएर भए पनि आफ्नो देशका नागरिक ल्याउने भूमिकामा सरकार नचुकोस् ।' उनले भने, 'सरकारले मंगलबार राष्ट्रिय शोक मनाउने निर्णय गरेको खबर सुनेको छु । इजरायलमा घाइतेको उपचारसँगै मृतकको शवलाई चाँडै नेपाल भूमिमा ल्याउन सरकार लाग्नु पर्छ ।'

उनले समाजवादी जागरण यात्राले समाजवादको बलियो जग निर्माण गर्ने दाबी गरे । कृषि क्षेत्रबाटै मुलुकको समृद्धि हुने जिकिर गर्दै देशमै रोजगारीको अवसर सृजना गर्न सरकारले ध्यान दिनुपर्ने नेपालले बताए । 'कुशासन हट्नुपर्छ, अनि देश अघि बढ्छ,' उनले भने, 'यसका लागि समाजवादको बलियो आधार चाहिन्छ । त्यही आधार बनाउन हामी हिँडेका छौं ।'

नेपालले समाजवादी जागरण यात्रा एक हजार दुई सय किलोमिटर पार गरेर टुंगिने बताए । असोज १४ गते पूर्वी झापाबाट सुरु भएको यात्रा असोज २९ गते सुर्खेत पुगेर टुंगिने छ । कार्यक्रममा पार्टी उपाध्यक्ष राजेन्द्र पाण्डेले सम्बोधन गर्दै समाजवादी जागरण यात्राले नयाँ ऊर्जा थपेको दाबी गरे । दाङमा पार्टी अध्यक्ष तथा पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल, पूर्व प्रधानमन्त्री तथा सम्मानित नेता झलनाथ खनाल, महासचिव घनश्याम भुसाललगायतका नेता सहभागी छन् ।

# सप्तरीका ११ स्थानमा नागरिक यात्रु सहायता कक्ष




**दैनिक समाचारदाता**
**काठमाडौं, २२ असोज ।**

चाडपर्वलाई लक्षित गर्दै सप्तरी प्रहरीले विषेश सुरक्षा योजना अन्तरगत जिल्लाका ११ स्थानमा नागरिक/यात्रु सहायता कक्ष स्थापना गरेको छ ।

यसैबीच महान चाड विजया दशमी, दिपावली एवं छठलाई लक्षित गर्दै जिल्ला प्रहरी कार्यालय सप्तरीले राजविराजस्थित रुपनी स्टेण्डमा सोमबार नागरिक/यात्रु सहायता कक्ष स्थापना गरेको छ ।

यो संगै जिल्लामा नागरिक/यात्रु सहायताकक्षको संख्या ११ पुगेको हो । यातायात व्यवसायी, मजदुर, विभिन्न संघ संस्थाका प्रतिनिधीको उपस्थितीमा प्रमुख जिल्ला अधिकारी किरण थापाले सो कक्षको उदघाटन गरे ।

आवश्यकता अनुसार जिल्लाको अन्य स्थानमा समेत कक्ष विस्तार गरिने योजना रहेको प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्यले जानकारी दिए ।

सवारी दुर्घटना तथा लुटपाट लगायतका घटना न्युनिकरणका साथै नागरिकको सुरक्षित यात्रा सुनिश्तिताका लागी कक्षको निर्माण गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले बताए ।

कक्षमा प्रहरीको व्यवस्था समेत गरिएकाले दुर्घटना न्युनिकरणका साथै ठगी, लुटपाट जस्ता घटना नियन्त्रणमा पनि मदत पुग्ने विश्वास गरिएको माउन्ट सगरमाथा यातायात प्रा.लि.का उपाध्यक्ष दिनेश गुप्ताले बताए ।

# अज्ञात व्यक्तिहरुद्वारा दुर्गा प्रसाईलाई कालोमोसो

**दैनिक समाचारदाता**
**काठमाडौं, २२ असोज ।**

विवादास्पद अभिव्यक्ति दिँदै आएका मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई अज्ञात व्यक्तिहरुले सोमबार काठमाडौंमा कालोमोसो दलेका छन् ।

राजधानीको एक होटलमा प्रसाईंले सोमबार दिउँसो १२:४५ बजे पत्रकार सम्मेलन राखेका थिए । कार्यक्रम हलबाट बाहिरिएलगत्तै उनलाई अज्ञात व्यक्तिहरुले कालोमोसो दलेका हुन् ।



प्रसाईंले पूर्वराजा ज्ञानेन्द्र शाहलाई झापामा ल्याएर 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कार र नागरिक बचाउ महाअभियान' घोषणा गरेका थिए ।

त्यसयता उनले अन्य विभिन्न व्यवसायीहरुलाई लक्षित गरेर विवादास्पद अभिव्यक्ति दिँदै आएका छन् । प्रसाई आफैंले गत वर्ष फागुनमा बैंक तथा वित्तीय संस्थाका प्रमुखहरुलाई कालोमोसो दल्ने भनेर 'कालोमोसो दस्ता' घोषा गरेका थिए । प्रहरीले यसका केन्द्रीय संयोजक शम्भु थापालाई पक्राउ समेत गरेको थियो ।

# इजरायलमा मारिएकाहरुको सम्झना

काठमाडौं, २२ असोज (रासस) ।

इजरायलमा भएको आतङ्कवादी हमलामा मारिएका १० जना नेपाली विद्यार्थीको सम्झनामा माइतीघर मण्डलमा दीप प्रज्वलन गरिएको छ ।

लुम्बिनी विश्व शान्ति मञ्च र अनेरास्ववियु (क्रान्तिकारी) केन्द्रीय समितिले सोमबार साँझ उनीहरुको सम्झनामा दीप प्रज्वलन गरेको हो ।

दीप प्रज्वलनमा उपस्थितहरुले मृतक विद्यार्थीहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै मृतकका परिवारजनप्रति समवेदना प्रकट गरेका छन् । उनीहरुले इजरायलमा रहेका नेपाली नागरिकलाई तत्काल उद्धार गरी नेपाल फर्काउन सरकारसँग माग गरेका छन् ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोढुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

जनहीतका लागि जारि सन्देश : तिरहुत गाउँपालिकाको कार्यालय, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*